नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

**प्रेस विज्ञप्ति**

स्पेनको सेभिया सहरमा आयोजित "विकासका लागि वित्त" (FfD4) चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी नेपाली प्रतिनिधिमण्डलका विषयमा देखिएका केही भ्रामक तथा तथ्यहीन सामग्रीप्रति परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण भएको छ।

द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा नेपालको प्रतिनिधित्व आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय प्रचलन, सरकारको दायित्व एवम् भूमिका, राष्ट्र हितको प्रवर्द्धन र मितव्ययितासमेतका आधारमा स्थापित व्यवस्थाअनुरुप नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय हुने गरेको व्यहोरा अवगतै छ।

जसअनुसार गत ३० जुनदेखि ४ जुलाई २०२५ सम्म सम्पन्न FfD4 सम्मेलनमा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू नेतृत्वको नेपाली प्रतिनिधिमण्डल सहभागी भएको र सो प्रतिनिधिमण्डलका सम्पूर्ण सदस्यहरू स्वदेश फर्किसक्नुभएको विदितै छ।

सम्मेलनमा नेपालको सहभागिता, विभिन्न सत्रमा नेपालको सक्रिय नेतृत्व र योगदान साथै द्विपक्षीय तथा बहुपक्षीय भेटघाट र उपलब्धिहरूसम्बन्धी विस्तृत विवरणहरू परराष्ट्र मन्त्रालय र अन्य आधिकारिक स्रोतहरूबाट पहिले नै सार्वजनिक भइसकेका छन्।

तसर्थ, सर्वथा भ्रामक र आधारहीन सामग्रीमा विश्वास नगर्न र यस्ता गलत प्रचारप्रति सजग रहन सम्बन्धित सबैलाई हार्दिक अनुरोध गरिएको छ।

**परराष्ट्र मन्त्रालय**
**सिंहदरबार**
**२०८२ असार २५**

सिंहदरबार, काठमाण्डौ, फोन नं. ४२००१८२-८६, फ्याक्स नं. ४२००१६०/४२००१६१
Website: www.mofa.gov.np, Email: info@mofa.gov.np